ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय, जैविक, विविधता तथा बहुजातीय मानव बसोबासको महत्व बोकेको विविध विराषद्मा उभिएको गोरखाको गोरखा भूमिमा प्राथमिकतामा राखी गोरखा भ्रमणमा आउनु हुने भ्रमणमा आउनु हुने भ्रमण दलका एंव व्यक्तिहरूलाई गोरखाको नागरिक समाज, निजि क्षेत्र, व्यापारिक प्रतिष्ठान, सामाजिक संघ संस्था, सम्पूर्ण वर्ग क्षेत्र, पत्रकार, सरकारी तथा गैह्र सरकारी संघ संस्था, सबै वडा एंव नगरपालिका तथा पदाधिकारीहरूको तर्फबाट म नगर प्रमुख राजनराज पन्त यहाँहरूलाई संस्थागत र व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

युग पुरूष पृथ्वीनारायण शाह, रामशाह, लखन थापा, बीसे नगर्ची, भीमसेन थापा, भगीरथ पन्त, नारायणदास अर्ज्याल, बुद्धिबल राना लगायतले गोरखालाई गोरखा बनाउन योगदान गरेको पुण्यभूमि जहाँ गोरखा दरबार, गोरखनाथ गुफा, उपल्लोकोट, तल्लोकोट, ठूलो आँगन, पस्लाङ्ग चौतारा, पश्चिमकाली, विरिमकाली, नामरूङ, पुस्कर तीर्थ (रानी पोखरी), महादेवस्थान, राधावल्लभ मन्दिर, भीमसेन मन्दिर, अकला जस्ता अनेक कोट र थुमहरू रहेका छन् । त्यसैगरी घाटु, नेवारी। धिमे नाच, लाखे नाच, गाइजात्रा, भजन, जुडका, बालुन, पाङदुरे, झ्याउरे जस्ता सांस्कृतिक परम्परा रहेको छ । 25 April 2015 मा गोरखामा केन्द्र बनाई गएको गोरखा भूकम्पबाट गोरखा लगायत गोरखा लगायत गोरखा नगरपालिका विविध पक्षहरू यसबाट प्रभावित भए । करिब ९ हजार नीजिघर, विद्यालय मठ मन्दिर पाटी सत्तलहरू पूर्ण र आंशिक रूपमा क्षति भए यो भूकम्पबाट गोरखा नगरपालिकामा पनि मानवीय लगायत भौतिक पूर्वाधारको क्षति भई यसबाट बहुआमायिक, बहुविषयक असर पऱ्यो । (उदाहरण - मानवीय, भौतिक, सामाजिक, जीविकोपार्जन, खाद्य संकट, वातावरणीय प्रभाव, बेरोजगारी, बेथिति)

विगत लामो समय करिब २० वर्षसम्म स्थानीय निकाय खाली भई हाल राज्यको पुर्नःसंरचना पछि भएको पहिलो चुनाव पछि स्थानीय तहको नगर प्रमुखमा म जनताबाट निर्वाचित भई आए पश्चात आ.व.Fical year 2017/2018 मा 5.941 मिलियन डलरको बजेट स्वीकृत गरी विकास र समृद्धिको अभियान थालनी गरेका छौं । म नगर

प्रमुखमा निर्वाचित भए देखि नै पुर्नः निर्माण (नीजि आवास) का कामलाई पहिलो प्राथमिकतामा राखी कार्य थालनी गरी सकेको छु । नेपालको कानून नेपालको संविधान, केन्द्रीय तहबाट बनेका ऐन, नियम, कार्यविधि तथा स्थानीय तहले बनाएका ऐन, नियम, नियमावली, कार्यविधि अनुसार हामीले स्थानीय तहलाई संचालनमा ल्याएका छौं । हामी आशावादी छौं छिट्टै नै प्रदेश, ऐन, नियम, नियमावली तथा कार्यविधि निर्माण भई प्रयोगमा आउनेछ । जस अनुसार केन्द्र, प्रदेश र स्थानीय सरकारको कार्य क्षेत्र प्रष्ट भई कार्य संचालनमा सहजता आउनेछ ।

जनताद्धारा धेरै आशा र अपेक्षा पुर्नः निर्माणको कार्यबाट उब्जिएको तथा चुनौतीसँगै सम्भावनाका बाटोहरू प्रशस्त रहेकोले सो चुनौती र सम्भावनामा तार तम्य मिलाई अघि बढ्नको लागि प्रशस्त श्रोतको आवश्यक हुने हुँदा यो ठूलो क्षति भएको न.पा.मा हामीलाई अन्तर राष्ट्रिय सहयोगको आवश्यक रहेको छ । मलाई पूर्ण रूपमा विश्वास छ यो सन्देश यहाँले Communicate गरिदिनु हुनेछ ।

हामीले गोरखा भूकम्पलाई चुनौतीसँग अवसरको रूपमा लिई अघि बढी रहेको अवस्थामा पुर्नःनिर्माणको कार्य द्रूत गतिमा गरिरहेको छौं । यसका अलाबा म र मेरो Team ले दक्ष जनशक्ति प्रयोग गर्दै गोरखालाई विकास र समृद्धिको बाटोमा लाग्नका लागि विभिन्न अवधारणा समेत ल्याएका छौं । दीर्घकालीन गुरू योजना पश्चात बहुक्षेत्रिय विकास गरी सुनौलो गोरखा निर्माण गर्ने महान लक्ष्य रहेकोले गोरखा न.पा.को संस्थागत र संरचनागत विकासमा यहाँको सहयोगको न.पा. अपेक्षा समेत गर्दछ ।

विश्वसामु Gurkhas नामले परिचित गोरखामा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक धरोहर एंव जातीय संस्कृतिको प्रचुर सम्भावना रहेको हुँदा पर्यटकीय गन्तव्यको पहिचानका साथ पर्यटन प्रवर्धनबाट आर्थिक समृद्धिको सम्भावना हामीकोमा रहेको छ ।

गन्तव्य गोरखाको एउटा महत्वपूर्ण आयाम पर्यटन उद्योग पनि हुने सम्भावना यहाँ रहेको छ । गोरखाको गोरखाकाली मन्दिरलाई प्रसिद्ध मनकामना मन्दिर एंव

आसपासमा रहेका पर्यटकीय गन्तव्यलाई Tourisum Hub को विकसित गरी जनस्तरमा आर्थिक वृद्धि गराउने मेरो उद्देश्य रहेको छ ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा ग्रामीण पर्यटनको विकासका लागि Home Stay को विकास गरी पर्यटनमा सँगसँगै भन्ने मान्यताका साथ पर्यटन व्यवसायलाई रोजगार उन्मुख गराने मेरो अर्को उद्देश्य रहेको छ ।

पहिचान भएको पर्यटकीय गन्तव्यलाई अर्को गन्तव्यसँग समन्वय गरी वार्षिक ५० हजार पर्यटकलाई गोरखा बसाउने उद्देश्यका साथ विभिन्न पर्यटकीय प्रवर्धनका कार्यक्रम मार्फत् पूर्ण र अर्ध रोजगारीको श्रृजना गरी शहरी र ग्रामीण गरिबी न्यूनीकरण गर्ने मेरो उद्देश्य रहेको छ ।

नगरपालिकामा रहेका प्रतिनिधि, जनशक्ति, पदाधिकारी, सामाजिक संस्थाका पदाधिकारी एंव नगरबासीलाई क्षमता तथा सीप विकासको कार्यक्रम संचालन गरी सक्षम पदाधिकारी, सजग नगरबासीको अवधारणा लागू गरिनेछ ।

नगरपालिकामा बन्ने सबै संरचना भूकम्प प्रतिरोधी बनाई सुरक्षित भवन सुरक्षित बसोबास भन्ने मान्यतालाई सफल बनाउन साझेदारी संस्थाहरूसँग सहकार्य गरी कार्य गर्ने मेरो लक्ष्य रहेको छ ।

सुनौलो गोरखाको परिकल्पना गर्दै गर्दा अधिकांश बाटो धुलौटे, केही बस्तीमा बाटो नपुग्नु, सबै नगरबासीलाई स्वच्छ खानेपानीको व्यवस्थापन गर्न नसक्नु, फोहोर मैला व्यवस्थापन प्रभावकारी हुन नसक्नु, जतनामा शिक्षा र स्वास्थ्यको पहुँच नपुग्नु, पछाडी परेको समुदायलाई मूलधारमा ल्याउन कठीन हुनु जस्ता विविध चुनौती रहेतापनि दीर्घकालीन नगर विकास गुरू योजना बनाई समग्र नगरको विकास गरी दिगो विकासको लक्ष्य पूरा गर्न गोरखा नगरपालिका पनि लागि परेकोले सम्बद्ध सबै पक्षलाई सहयोग गर्न हार्दिक अपिल पनि गर्दछु । साथै गोरखा नगरपालिकामा लगानी गर्न सक्ने प्रशस्त

वातावरण भएको र कार्यक्रम संचालन समयमा शुरू गरी तोकिएकै समयमा सम्पन्न गरिने व्यहोराको समेत प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

अन्तमा हामीलाई महत्व दिई गोरखा पाल्नु हुने मित्रराष्ट्र स्वीस सरकारका माननीय सांसदहरू, विशिष्ट व्यक्तित्वहरू, UNDP Nepal का Country Director **रेनो मेयो (Renaud Meyer), UNDP** का **रफिक सिद्धिकी** र **मनिष गौतम** लगायत हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

राजन राज पन्त
**नगर प्रमुख**
गोरखा नगरपालिका